पत्र/विषयः- सेवा सम्वन्धी

१. पशुपन्छी, मत्स्य तथा खाद्य सम्बन्धी

१.१. नेपालको संविधानमा कृषि तथा खाद्य सुरक्षा सम्वन्धी व्यवस्था

१.२. निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० मा कर्मचारीको आचरण, विदा र सजाय सम्वन्धी व्यवस्था

१.३. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा पशु नश्ल सुधार तथा दण्ड, सजाय र पुनरावेदन सम्वन्धी व्यवस्था

१.४. जलचर संरक्षण ऐन, २०१७

१.५. दाना पदार्थ ऐन, २०३३

१.६. कर्णाली प्रदेशमा संघ, प्रदेश र स्थानीय तहका पशु सेवाका संगठन संरचना, भूमिका तथा समन्वय

१.७. नेपालका पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी क्वारेनटाइन, सरकारी फार्म केन्द्र र प्रयोगशाला सम्बन्धी जानकारी

१.८. कर्णाली प्रदेशको चालु योजनामा पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी व्यवस्था

१.९. नेपालको अर्थतन्त्रमा पशुपन्छी तथा मत्स्य विकासको महत्व

१.१०. स्थानीय तहमा पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम तर्जुमा र आधारहरु

१.११. पशुपन्छी तथा मत्स्य विकास कार्यक्रममा बिमा, उत्पादन सामग्री, औजार तथा उपकरण, बजार तथा मुल्य व्यवस्था

१.१२. पशुपन्छी तथा मत्स्य पालनमा व्यवसायिक उत्पादनको अवधारणा र महत्त्व

१.१३. पशुपन्छी तथा मत्स्य पालनमा प्रसार सेवाको महत्व, तरिका, सीमितता र प्रभावकारीता

१.१४. पशुपन्छी तथा मत्स्य विकासमा समुह पद्धती प्रकृया र कार्यान्वयन तथा अगुवा कृषक छनौटको आधार, भूमिका र परिचालन

१.१५. कर्णाली प्रदेशमा पशुपन्छी तथा मत्स्य पालनको महत्त्व, सम्भावना र प्रमुख समस्याहरु

२. भेटेरिनरी

२.१. आन्तरिक परजीवी (Internal Parasite): नाम्ले जुका (liver fluke), गोलो जुका (Round Worm), फिते जुका (Tape worm), कक्सिडियोसिस (Coccidiosis), रक्त परिजीवि (Blood protozoan diseases) का प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.२. परजीवी (External Parasite): किर्ना (Tick), जुम्रा (Lice), उपियाँ (Fleas) तथा लुतो (Mange) का प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.३. प्रमुख ब्याक्टेरियल रोगहरु (Bacterial Diseases) : भ्यागुते रोग (Haemorrhagic Septicaemia), पटके रोग (Anthrax), चरचरे रोग (Black-Quarter), इन्टेरोटक्सेमिया (Entertoxemia), थुनेलो (Mastitis), क्षयरोग (Tuberculosis) कोलिव्यासिलोसिस (Colibacillosis), कुखुराको हैजा (Fowl Cholera), पुल्लोरम (Pullorum), खुर कुहिने रोग (Foot Rot), ब्रुसेलोसिस (Brucellosis) तथा माइकोप्लाज्मोसिस (Mycoplasmosis) का लक्षण, रोग निदान, उपचार तथा रोकथाम

CamScanner

२.४. प्रमुख भाइरल रोगहरु (Viral Diseases) : पि.पि.आर (PPR), एभियन ईन्फ्लुएन्जा (Avian Influenza), खोरेत (Foot & Mouth Disease), लम्पि स्किन रोग (Lumpy Skin Disease), रेबिज (Rabies), स्वाईन फिभर (Swine Fever), कुखुराको विफर (Fowl Pox), गम्बोरो (Gumboro), रानीखेत (Ranikhet) का लक्षण, निदान, उपचार तथा रोकथाम

२.५. निम्न प्रजनन सम्बन्धी विकृतिः कारण, लक्षण, उपचार तथा रोकथाम

२.५.१. साल नझर्ने (Retention of Placenta)

२.५.२. तुहिने (Abortion)

२.५.३. डिस्टोकिया (Dystokia)

२.५.४. बाँझोपन (Infertility)

२.६. जुनोटिक रोगहरु (Zoonotic diseases) : दुध र मासुबाट सर्ने रोगहरु

२.७. पशुपन्छीमा भिटामिन र खनिजको कमि बाट हुने रोगहरु

२.८. गाइ भैंसीका मेटाबोलिक (Metabolic) रोगहरुः Milk fever, Ketosis र Downers cow syndrome

२.९. ढुसि तथा ढुसि जन्य पर्दाथबाट हुने रोगहरु

२.१०. पशुपन्छी बन्ध्याकरण

२.११. पशुपन्छीको नमुना संकलन, संरक्षण, कोडिङ तथा प्रयोगशालामा पठाउने विधि

२.१२. आधारभूत प्रयोगशाला उपकरणहरु तथा निर्मलीकरणका तरीकाहरु

३. लाइभष्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट

३.१. गाई भैंसीका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु

३.१.१. गाईको स्थानीय जातः अच्छामी, लुलु, पहाडी गाई र चौरी

३.१.२. गाईको उन्नत जातः जर्सी र होलिस्टन फ्रिजियन

३.१.३. भैसीको स्थानीय जातः लिमे, पारकोटे र गड्डी

३.१.४. भैंसीको उन्नत जातः मुर्रा र निलीरभी भैंसी

३.२. स्थानीय तथा उन्नत बाखाका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु

३.२.१. च्याँग्रा, सिन्हाल, खरी, तराई बाखा, जमुनापारी, बोयर, बारबरी, सानन्

३.३. स्थानीय तथा उन्नत भेडाका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु

३.३.१. स्थानीय नश्लः भ्याङ्गलुङ्ग, बरुवाल, कागे, लामपुच्छ्रे

३.३.२. उन्नत नश्लः रामबुलेट, पोलवर्थ, रोमनी, मेरिनो

३.४. स्थानीय तथा उन्नत सुंगुरका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु

३.४.१. स्थानीय जातः च्वाँचे र हुर्राका शारीरिक तथा उत्पादन विशेषताहरु

३.४.२. उन्नत जातः ल्याण्डरेस, योर्कशायर, ह्याम्पशायर, ड्युरक

३.५. स्थानीय जातको कुखुरा (साकिनी, घाँटी खुइले, प्वाँख उल्टे) र उन्नत जातका कुखुरा (न्यू हेम्पशायर, अष्ट्रालोर्प, ब्रोइलर, लेयर्स, गिरीराज) को शारीरिक तथा उत्पादन विशेषताहरु

३.६. खरायोः ऊन तथा मासुको लागि पालिने खरायोका जातहरु र तिनीहरुको विशेषता

CS CamScanner

३.७. पशु आनुवांशिक श्रोत संरक्षण, विकास तथा उपयोग

३.८. व्यवसायिक पन्छी (कुखुरा, टर्की, बट्टाई, कालिज, हाँस, लौकाट) पालन विधि – खोर, दानापानी र खोप व्यवस्थापन

३.९. पशुपन्छी प्रजननका लागि छनौट तथा प्रजनन विधि (प्राकृतिक र कृत्रिम गर्भाधान) एवं व्यवस्थापन

३.१०. पौष्टिक तत्वहरुको वर्गीकरण (कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज पदार्थ, पानी) र सन्तुलित दाना तयार गर्ने विधि

३.११. उन्नत चरन घाँस तथा घाँस खेती तरीका

३.११.१. भुँई घाँसः कोसे घाँस (Leguminous) (स्टाइलो, बरसिम, बोडी (Cowpea), व्हाइट क्लोभर, रेडक्लोभर, कोटे, लुसर्न, डेस्मोडियम, केराउ, भेच) र अकोसे घाँस (Non Leguminous) (नेपियर, पारा, सेटारिया, राइग्रास, कक्सफुट, जै)

३.११.२. डाले घाँसः–इपिल इपिल, वडहर, कोइरालो, टाँकी, किम्बु, दबदबे

३.१२. घाँसपात संरक्षणः घाँस सुकाउने विधि (Hay), साइलेज (Silage) बनाउने विधि र महत्व

३.१३. परालमा युरिया प्रयोग गर्ने विधि र उपयोगिता

३.१४. प्रचलित तथा उन्नत व्यवस्था अनुसार पशुको गोठ र खोर बनाउन ध्यान दिनुपर्ने आधारहरु (गाई, भैंसी, बाखा, भेडा, बंगुर, खरायो) र जैविक सुरक्षा (Bio-security) व्यवस्थापन

३.१५. विभिन्न पशुपन्छीको भाले, माउ तथा बच्चाको स्याहार सुसार

३.१६. दुग्ध, दुग्ध प्रशोधन र दुग्ध जन्य पदार्थ (बटर, पनिर, चिज, कुरौनी, घीउ, आइसक्रिम, दही) बनाउने विधि

४. फिसरिज

४.१. माछाको परिभाषा, बाहिरी स्वरुप, विभिन्न अंग र ती अंगका कार्यहरु

४.२. नेपालमा व्यवसायिक रुपमा पालिएका स्वदेशी र विदेशी माछाहरु र तिनका आहार विहार बारे साधारण ज्ञान

४.३. मत्स्य पालन पद्धतीः पोखरी मत्स्य पालन (Pond fish culture), पिंजडामा मत्स्य पालन (Cage fish culture) तथा रेसवेमा मत्स्य पालन (Raceway culture)

४.४. मत्स्य पालनका तरिका (माछाको जातको आधारमा)

४.४.१. एक जातिय मत्स्य पालन (Monoculture)

४.४.२. बहुजातिय मत्स्य पालन (Poly culture)

४.५. मत्स्य पालनका तरिका (सधनताको आधारमा)

४.५.१. सामान्य मत्स्य पालन (Extensive culture)

४.५.२. अर्ध सघन मत्स्य पालन (Semi-intensive culture)

४.५.३. सघन मत्स्य पालन (Intensive culture)

४.६. एकीकृत मत्स्य पालन (Integrated fish culture) तथा व्यवस्थापन

४.६.१. धानखेतमा मत्स्य पालन (Rice - fish culture)

४.६.२. पशुपालन र मत्स्य पालन (Livestock and fish culture)

CS CamScanner

४.६.३. पशुपालन, फलफूल, तरकारी खेती र मत्स्य पालन (Livestock, Horticulture and fish culture)

४.७. गाउँघरमा रहेका पुरानो पोखरीहरुमा माछा पालन तथा व्यवस्थापन

४.८. मत्स्य पालनको लागी पोखरीको निर्माण गर्न उपयुक्त स्थलको छनौटका आधारहरु, पोखरी निर्माण गर्ने तरिका, ध्यान दिनुपर्ने कुराहरु र पोखरी व्यवस्थापन

४.९. मत्स्य पालनको लागि उपयुक्त पानी तथा माटोको गुणस्तर बारे साधारण ज्ञान

४.१०. भाले र पोथी माउ पहिचान गर्ने तरिका तथा माउ माछाको व्यवस्थापन

४.११. माछाको प्रजनन् विधिः प्राकृतिक, अर्ध–कृत्रिम तथा कृत्रिम प्रजननको तयारी तथा व्यवस्थापन तरिकाहरु

४.१२. माछा भुरा ढुवानी गर्ने विधि

४.१२.१. ढुवानी गरिने माछा भुरामा हुनुपर्ने गुणहरु

४.१२.२. माछा भुरा ढुवानीको लागि कण्डिसनिङ्ग (Conditioning) र त्यसका फाईदाहरु

४.१२.३. भुरा ढुवानी गरिने पानीको गुणस्तर

४.१२.४. माछा भुरा प्याकेजिङ्ग गर्ने तरिका

४.१३. खाने माछा उत्पादन व्यवस्थापनः

४.१३.१. पोखरीको तयारीः चून, मलखादको प्रयोग बारे जानकारी ।

४.१३.२. माछा भुरा स्टकिङ्ग (Stocking), संख्या निर्धारण र विभिन्न जातका माछा भुराको स्टकिङ अनुपात सम्बन्धी जानकारी

४.१४. माछा उत्पादनको लागि आवश्यक आहाराहरुको पौष्टिक तत्व बारे साधारण ज्ञान र त्यसको व्यवस्थापन

४.१५. माछाको वृद्धि जाँच (Growth check-up)तथा दैनिक हेरचाह

४.१६. माछाको प्रतिपक्षी जीवहरु (Predators), हानिकारक किराहरु एवं पानीमा उम्रने विभिन्न झारपातहरु (Aquatic weeds) र तिनीहरुको नियन्त्रण बारे ज्ञान

४.१७. माछामा लाग्ने परजीवीजन्य रोगहरु, रोगका कारण, पहिचान र औषधोपचारका तरिकाहरु

४.१८. माछा उत्पादनको मूल्यांकन गर्ने तरिका र माछाको बजार व्यवस्थापनका तरिकाहरु

४.१९. माछा मार्ने तथा समात्ने मुख्य उपकरणहरु र तरिका

४.२०. प्राकृतिक जलाशयमा मत्स्य पालनः

४.२०.१. ताल तथा रिजरभ्वायरहरुमा मत्स्य पालन प्रविधि

४.२०.२. इन्क्लोजर (Enclosure) मा मत्स्य पालन ।

४.२१. माछा उत्पादनोपरान्त संरक्षण प्रविधिहरु (post-harvest technologies) बारे जानकारी

**नमूना प्रश्नहरु**

**बहुवैकल्पिक प्रश्नहरुः**

१. नेपालमा जलचर संरक्षण ऐन कुन सालमा जारी भयो ?

CamScanner

(A) वि.सं. २०१९ (B) वि.सं. २०१८ (C) वि.सं. २०१७ (D) वि.सं. २०१६

२. कुखुराको भालेलाई खसी पार्नुलाई के भनिन्छ ?

(A) Sterilization (B) Caponization (C) Mulling (D) माथिका कुनै पनि होइन

३. Gentamycin के हो ?

(A) Antiprotozoal (B) Antiviral (C) Antimycotic (D) Antibiotic

४. बंगुरको पाठापाठी जन्मिएको दिन खोरको तापक्रम कति डिग्री से. ग्रे. हुनुपर्दछ ?

(A) ३० (B) ३२ (C) ३५ (D) ४०

५. नेपालमा पाइने कुन जनावरको जात लिमे हो ?

(A) भैंसी (B) गाई (C) भेडा (D) बाख्रा

६. मनाङ्ग मुस्ताङ्गमा पाइने स्थानीय जातको गाईको नाम के हो ?

(A) गौरी गाई (B) खैला गाई (C) लुलु गाई (D) आध्तामी गाई

७. Taenia Solium फित्ते जुकाको मध्यस्त आश्रयदाता पशु कुन हो ?

(A) गाई (B) भैंसी (C) बाख्रा (D) बंगुर

८. FSH र LH हर्मोन कुन ग्रन्थीबाट उत्पादन हुन्छ ?

(A) Prostate gland (B) Pituitary gland (C) Cowpers gland (D) Salivary gland

९. गाइको कुन प्रजनन अंगको संक्रमणलाई Endometritis भनिन्छ ?

(A) Cervix (B) Oviduct (C) Uterus (D) Vagina

१०. नेपालमा पन्ध्रौं योजना कुन आर्थिक बर्ष देखि लागु भयो ?

(A) २०७३।७४ (B) २०७४।७५ (C) २०७५।७६ (D) २०७६।७७

११. तलका मध्ये कुन डाले घाँस होइन ?

(A) बरहर (B) क्लोभर (C) टाँकी (D) खन्यू

१२. HST milk Pasteurization विधिको लागि उपयुक्त तापक्रम तथा समय अवधि कति हुनुपर्दछ ?

(A) $70^0$c for 30 seconds (B) $72^0$c for 15 seconds
(C) $74^0$c for 40 seconds (D) $76^0$c for 50 seconds

१३. तलका मध्ये कुन औषधि Antiprotozoal drug होइन ?

(A) Furazolidone (B) Tinidazole (C) Albendazole (D) Metronidazole

१४. Butter मा कम्तिमा कति प्रतिशत Fat हुनुपर्दछ ?

(A) ४० (B) २० (C) ५ (D) ३०

१५. तलका मध्ये माछामा लाग्ने कुन रोग हो ?

(A) Foot and mouth disease (B) Columnaris disease (C) Marek's disease (D) Newcastle disease

१६. सबैभन्दा प्रभावकारी प्रसार विधि कुन हो ?

(A) घरदैलोमा गएर गरिने (B) आफन्तलाई भेटेर गरिने (C) समुहमा गरिने (D) समुदायमा गरिने

१७. राष्ट्रिय कृषि नीति कहिले लागु भयो ?

(A) बि.सं. २०६१ (B) वि.सं. २०६२ (C) वि.सं. २०६३ (D) वि.सं. २०६४

१८. केन्ट कुन घाँसको जात हो ?

CS CamScanner

(A) बर्षिम (B) जै (C) भेच (D) नेपियर

१९. कर्णाली प्रदेशमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कुन सालमा स्थापना भयो ?

(A) वि.सं. २०७६ (B) वि.सं. २०७५ (C) वि.सं. २०७४ (D) वि.सं. २०७३

२०. Pasteurization milk लाई storage गर्ने उपयुक्त तापक्रम के हुन्छ ?

(A) $8^0c$ (B) $4^0c$ (C) $10^0c$ (D) $12^0c$

## विषयगत छोटो उत्तर नमूना प्रश्नहरु

१. भेडाबाखामा लाग्ने पि.पि.आर. रोगको कारण, रोग सर्ने तरिका, रोगका लक्षणहरु तथा रोकथामका उपायहरु बारे उल्लेख गर्नुहोस् ।

२. पशुहरुको आहाराको लागि प्रयोग हुने साइलेज भनेको के हो ? साइलेज बनाउने तरिका बुँदागत रुपमा लेख्नुहोस् ।

३. नेपालमा पाइने भैंसीका जातहरु के के छन् ? प्रथम पटक भैंसी पालन गर्न चाहने कृषकको लागि तपाईको प्राविधिक सल्लाह के हुन्छ ?

४. मत्सय पालनको लागि पोखरीको निर्माण उपयूक्त स्थलको छनौटका आधारहरु के के हुन् ? पोखरी व्यवस्थापनमा ध्यान दिनु पर्ने कुराहरु उल्लेख गर्नुस् ।

५. पशुपन्छी पालनमा जैविक सुरक्षा (Bio-security) को महत्व के छ ? जैविक सुरक्षाका उपायहरु के के हुन सक्दछन् ?

६. पशुपन्छीलाई आवश्यक पर्ने पौष्टिक तत्वहरु के के हुन् ? बढी मात्रामा आवश्यक पर्ने कुनै ३ तत्वहरुको कार्य छोटकरीमा उल्लेख गर्नुस् ।

CamScanner